(१०) उप-दफा (६) बमोजिमको बोलाउनु पर्ने विशेष साधारण सभा उक्त लिखित अनुरोध प्राप्त गरेका मितिले १ (एक) महिना भित्र विशेष साधारण सभा बस्ने गरी बोलाउनु पर्नेछ ।

१२. कार्य समिति :-

(क) कार्य समितिको ~~नियुक्ति~~ गठन वार्षिक साधारण सभाबाट हुनेछ ।

तर प्रथम वार्षिक साधारण सभा नभएसम्मकोलागि निम्न बमोजिम अध्यक्ष तथा सदस्य रहेको कार्य समिति रहनेछ ।

| क्र.सं. | नाम | ठेगाना | पद |
|---|---|---|---|
| १. | श्री टिका जित राई | का.जि., का.म.न.पा.-४, बालुवाटार | अध्यक्ष |
| २. | श्री सोहम ढकाल | ललितपुर जिल्ला, ललितपुर उ.म.न.पा.-१३, एकान्तकुना | उपाध्यक्ष |
| ३. | श्री सुरज दाहाल | का.जि., का.म.न.पा.-३, महाराजगञ्ज | महासचिव |
| ४. | श्री मनोज कार्की | का.जि., का.म.न.पा.-३२, अनामनगर | कोषाध्यक्ष |
| ५ | श्री सुवास रिसाल | ललितपुर जिल्ला, ललितपुर उ.म.न.पा.-१, कुपण्डोल | सदस्य |
| ६. | श्री जगदिश भट्टराई | का.जि., का.म.न.पा.,-२, लाजिम्पाट | सदस्य |
| ७. | श्री विक्रम श्रेष्ठ | का.जि., का.म.न.पा.-१०, बुद्धनगर | सदस्य |

(ख) यस संस्थामा ७ (सात) जनाको कार्यसमिति हुनेछ ।

(ग) कार्य समितिको कार्यकाल २ (दुई) वर्ष हुनेछ ।

(घ) वार्षिक साधारण सभा हुनुभन्दा अगावै कुनै कार्यसमितिमा रहेको सदस्यको पद रिक्त हुन आएमा बाँकी अवधिका लागि कार्यसमितिका सदस्यको नियुक्ति कार्यसमितिद्वारा गर्न सकिनेछ । कुनै सदस्यको पद बिचमा रिक्त भएमा सो पदमा नियुक्त भएको सदस्यको कार्यकाल सो सदस्य जुन सदस्य पद रिक्त भई नियुक्त भएको हो सो सदस्य बाँकी कार्यकालसम्मका लागि मात्र हुनेछ ।

(ङ) कार्य समितिको बैठक आवश्यतानुसार कार्य समितिको अध्यक्षले बोलाउनेछ । जम्मा सदस्य संख्याको ५१% (प्रतिशत) सदस्यले माग गरेमा अध्यक्षले कार्य समितिको बैठक बोलाउनु पर्नेछ ।

(च) कार्य समितिको बैठकमा सदस्य स्वयं उपस्थित हुनुपर्नेछ ।

(छ) सदस्यहरुको जम्मा संख्याको कम्तीमा ५१% (प्रतिशत) सदस्यहरु उपस्थित नभई कार्यसमितिको बैठक हुनेछैन ।

(ज) कार्यसमितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ । अध्यक्षको अनुपस्थितीमा उपाध्यक्षले र उपाध्यक्षको अनुपस्थितिमा बैठकमा उपस्थित सदस्यहरुले छानेको सदस्यले अध्यक्षता गर्नेछ ।

(झ) कार्यसमितिको बैठकमा बहुमतको निर्णय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिन सक्नेछ ।

(ञ) कार्यसमितिको बैठकमा छलफल भएको विषय र तत्सम्बन्धमा भएको निर्णयको विवरण (माइन्युट) छुट्टै किताबमा लेखि राख्नु पर्नेछ र सो निर्णय विवरणमा बैठकमा उपस्थित सम्पूर्ण सदस्यहरुको कम्तीमा ५१% (प्रतिशत) ले सही गर्नु पर्नेछ ।